नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली

फोन नं.-०४७-५९०४८७
इमेल: pmamp.piu.sindhuli1@gmail.com
वेबसाइट: piusindhuli.pmamp.gov.np

## सुचना नं. २
## सुचिकृत तथा कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धि सूचना
<u>पहिलो पटक सूचना प्रकाशित मिती: २०८३/०४/१३</u>

आ.व. २०८३।०८४ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सूचिकृत कृषि समूह/सहकारी/संस्था/कृषि फर्म/कम्पनी तथा जल/वन उपभोक्ता/ कृषि उपज बजार समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् मिति २०८३।०५।११ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल २०७७, पहिलो संसोधन २०८१) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको वेबसाइट www.piusindhuli.pmamp.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्विकृत बजेट (लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| जुनार सुपरजोन | | गोलन्जोर गाउँपालिका वडा नं. १,२,३,४,५ र ६; कमलामाई नगरपालिका वडा नं. ३; तीनपाटन गाउँपालिका वडा नं. ७ र सुनकोशी गाउँपालिका वडा नं. ७ | | | | |
| १ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १० | २० | ५० देखी ८५ प्रतिशत अनुदान | |
| २ | नर्सरीको लागि संरक्षित जाली घर निर्माण | संख्या | १ | ३ | ५० देखी ८५ प्रतिशत अनुदान | |
| ३ | कोल्ड रुम निर्माण | वटा | २ | १० | ५० देखी ८५ प्रतिशत अनुदान | |
| अदुवा बेसार जोन | | कमलामाई नगरपालिका वडा नं. १ र २; मरिण गाउँपालिका वडा नं. २,६ र ७ र हरिहरपुरगढी गाउँपालिका वडा नं. २,३,४,५,६ र ७ | | | | |
| ४ | अदुवा बेसारको प्राथमिक प्रशोधन केन्द्र स्थापना | संख्या | १ | ५ | ५० देखी ८५ प्रतिशत अनुदान | |
| जुनार सुपरजोन र अदुवा बेसार जोन दुबैमा | | | | | | |
| ५ | माटो सुधारका लागि कृषि चुन/जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कार्यक्रम | पटक | ५ | ४.७३ | ५० प्रतिशत अनुदान | |

निमित्त कार्यालय प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली
फोन नं.-०४७-५९०४८७
इमेल: pmamp.piu.sindhuli1@gmail.com
वेबसाइट: piusindhuli.pmamp.gov.np

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) कृषि समूह/सहकारी/जल/वन उपभोक्ता/कृषि उपज बजार समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजातको प्रतिलिपी/मञ्जुरीनामा वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको र निर्माण पुर्वाधारको निम्ती कम्तीमा १० वर्षको सम्झौतानामा ।

(३) कृषक सहकारी/समिति/कम्पनी र समुहको हकमा अख्तियारी प्राप्त सदस्यको र कृषि फर्मको हकमा सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(४) स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी ।

(५) अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(६) कृषक सहकारी/समिति/कम्पनी र समुहको हकमा अघिल्लो आ.व लेखापरीक्षण प्रतिवेदन र कार्य समितिको निर्णयको प्रतिलिपी।

(७) सम्बन्धित वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

(८) कार्यक्रम कार्यान्वयन एकाइबाट उपलब्ध गराइएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना ।

(९) अन्य निकायहरुबाट सोही प्रकृतीको कामबाट लाभान्वित नभएको र दोहोरो नपर्ने प्रतिवद्धता।

**पुनश्चः** जोन/सुपरजोन क्षेत्र अन्तरगत सुचिकृत हुन इच्छुक कृषि समूह/सहकारी/संस्था/कृषि फर्म/कम्पनी तथा जल/वन उपभोक्ता/ कृषि उपज बजार समितिहरुले कार्यालयबाट निर्धारित फारम लिई सुचिकृत हुन सक्नुहुनेछ। यस आ.व. का कार्यक्रमहरुमा माग आवेदन फारम पेश गर्न सूचना प्रकाशन भई आवेदन/माग बुझाउने अन्तिम मिति सम्म सुचिकृत भइ आवेदन/माग पेश गर्न सकिने छ।

** आवेदन दिने बेलामा माथी उल्लेखित आवश्यक कागजातहरुको सक्कल प्रति पनि प्रमाणीकरणका लागी अनिवार्य लिएर आउनुहुन अनुरोध छ

विनय वावु कोइराला
निमित्त बरिष्ठ कृषि अधिकृत

**निमित्त कार्यालय प्रमुख**